महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

सुद्धोधन गाउँपालिका
रुपन्देही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.: ८०६

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सुद्धोधन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रुपन्देही ।

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

कैफियत सहितको राय

हामीले सुद्धोधन गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. सुद्धोधन गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड ११ लाख ३२ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७९/३/१४ मा प्राप्त प्रतिक्रियाबाट रू.२४ हजार फर्स्योट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ९८ लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ लाख ४५ हजार, नियमित गर्नुपर्ने रू.१ करोड १० लाख ६९ हजार रहेको छ ।पालिकाको गतवर्ष रु. ६ करोड ४० लाख ४१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड १ लाख ६१ हजार रहेको छ । सुद्धोधन गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. सुद्धोधन गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

सुद्धोधन गाउँपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु							
दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने						पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा		
५३	२३	२११३२	०	१	२४	५३	२२	२११०८	९८९४	११०६९	१४५	०	०	११२१४		०

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सुद्धोधन गाउँपालिका रुपन्देही	६४०४१	०	२४९८८	३९०५३	०	२११०८	६०१६१

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सुद्धोधन गाउँपालिका, रुपन्देही , सुध्धोधन गाउँपालिका , रुपन्देही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	विपिन क्षेत्री	२०७८-१-१३	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	रविन्द्र प्रसाद चौधरी	२०७७-६-७	
कार्यालय प्रमुख	अनन्तपाणी मरासिनी	२०७७-४-१	
लेखा प्रमुख	लक्ष्मण पाण्डेय	२०७७-४-१	
		बेरुजु रकम	२१,१३२,१३५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०,३३,२९,६०९.४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३४,४०,६०,८१०	**चालु खर्च**	२५,५३,७१,९५२.५
प्रदेश सरकारबाट अनुदान	४,५४,१६,०००	**पूँजीगत खर्च**	१८,९७,७५,९६६
राजश्व बाँडफाँट	९,२८,०६,२५२.८७	**वित्तीय/अन्य व्यवस्था**	८,३०,५९,७८९.९
आन्तरिक आय	५,२४,०९,९१७.१५		
अन्य आय	१,३१,१४,२६२		
कुल आय	५४,७८,०७,२४२.०२	**कुल खर्च**	५२,८२,०७,७०८.४
बाँकी मौज्दात		१२,२९,२९,१४३	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो। लुम्बिनीप्रदेशको रुपन्देही जिल्लामा अवस्थित यस गाउँपालिका अन्तर्गत ७ वडा, मनोनित २ समेत ३९ सभा सदस्य रहेका छन्। यस कार्यालयको कार्यक्षेत्र शुद्धोधन गाउँपालिका भित्र रहेको छ।	
२			**स्थानिय संचित कोष** आर्थिक बर्ष 2076/ 77 को सञ्चितकोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।	

	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी (बैंक)		103329609.4	१	चालु खर्च	255371952.5	255371952.5
	क) मुल संचित कोष जिम्मेवारी	91952163.82		२	पूँजीगत खर्च	189775966	189775966
	ख) धरौटी खाता जिम्मेवारी	9452561		३	वित्तिय व्यवस्था भुक्तानी		0
	ग) कोष खाताको जिम्मेवारी	1924884.54			क) ऋण भुक्तानी	0	
२	राजस्व (आन्तरिक आय)		145216170		ख) ब्याज भुक्तानी	0	
	क) आन्तरिक राजस्व	52409917.15			ग) अन्य भुक्तानी	0	
	ख) राजस्व बाँडफाँड	92806252.87		४	लगानी		0
३	वित्तिय हस्तान्तरण संघ		344060810		शेयर लगानी	0	
	क) वित्तिय समानीकरण अनुदान	119400000			अन्य लगानी	0	
	ख) सशर्त अनुदान	209660810		५	धरौटी फिर्ता	6702193	6702193
	ग) समपूरक अनुदान	0		६	जनश्रमदान फिर्ता	0	0
	घ) विशेष अनुदान	15000000		७	नदीजन्य आम्दानी बाँडफाँट	5135537	5135537
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		45416000	८	मौज्दात (बैंक मौज्दात)		122929143
	क) वित्तिय समानीकरण अनुदान	5265000			क) संचित कोष खाता	106350531.5	
	ख) सशर्त अनुदान	14850000			ख) धरौटी मौज्दात	14153697	
	ग) समपुरक अनुदान	19301000		९	ग) विभिन्न कोष खाता मौज्दात	2424914.52	
	घ) विशेष अनुदान	6000000		१०	शसर्त अनुदान फिर्ता	70011157.3	70011157.3

६	विभिन्न कोषतर्फको आय	1710933	1710933	१२	कोष खाताको खर्च	1210902.63	1210902.63
७	जनसहभागिता (नगद)	0	0				
८	धरौटी आय	11403329	11403329				
	जम्मा	651136851.4	651136851.4		जम्मा	651136851.4	651136851.4

३			**संञ्चित कोष जिम्मेवारी** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । यस स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.9,19,52,163.82 मौज्दात कायम भएकोमा स्थानीय सञ्चित कोषमा यो बर्षको शुरुमा त्यति नै जिम्मेवारी सारेको पाईयो । तर सुत्रको म.ले.प फाराम 272 को अनुसूची १० अनुसार गतवर्ष रु.8,54,30,928.31 मौज्दात रहेको देखिन्छ ।जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा सुत्रको विवरणअनुसार रु.65,21,235.31 बढी जिम्मेवारी सरेको देखियो । पालिकाले सुत्रको म.ले.प फाराम अनुसार नै विवरण राखी स्थानीय सञ्चित कोष तयार गर्नु पर्दछ । (क) पालिकाले समग्र आर्थिक कारोबारलाई पुष्टी गर्ने गरी स्थानीय सञ्चित कोष तयार गर्नु पर्दछ । सुत्रको म.ले.प फारामको अनुसूची १७ र १८ मा सामाजिक सुरक्षा, भैपरी आउने चालु खर्च तथा भैपरी आउने पूँजीगत शिर्षकमा कुनै पनि रकम देखिने गरी हिसाब तयार गरेको पाईएन । तसर्थ पालिकाले सम्पूर्ण कारोबारको एकमुष्ट विवरण देखिने गरी स्थानिय सञ्चित कोष तयार गर्नु पर्ने देखिन्छ।	
४			**आन्तरिक नियन्त्रण प्रणाली**	
४.१			स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसा रहेका छन् स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको, पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको, पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको, पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,	

			वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको, जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको, सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको, वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेको अधुरा आयोजनाको समिक्षा नगरेको आदि ।	
४.२			**सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) Developer सँग नै रहेको, प्रवेश नियन्त्रण (access control) अन्तिम रुपमा कार्यालयको आई.टी शाखामा मात्र रहेको पाईयो । राजश्व संकलन जस्तो संवेदनशिल विषयमा संकलन गरेको रसिद रद्ध भएमा वा रसिद सच्याईएमा सोको अन्तिम निरीक्षण गरी चेकजाँच गर्न सक्ने गरी कार्यालय प्रमुखले जानकारी पाउने अवस्था देखिएन । कार्यालयले आन्तरिक नियन्त्रण कायम हुने गरी राजश्व सम्वन्धी अवस्थाको प्रवेश नियन्त्रण (access control) राजश्व संकलन गर्ने व्यक्ति, लेखा राख्ने व्यक्ति र कार्यालय प्रमुख समेतमा रहने गरी विकास गरिनु पर्दछ । कार्यालयको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । कार्यालयले सूचना प्रविधी नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनु पर्दछ ।	
४.३			म. ले. प. फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धतिः भ्रमण खर्च नियमावली, 2064 मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरी अभिलेख राखेको पाईएन । म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको	

			☐ म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको ☐ म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।	
४.४			बेरुजु लगतः कार्यालयले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । गाउँपालिकाले निम्नानुसार बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरेको पाईएन । -म. ले. प. फाराम ८०१ ाः बेरुजु लगत नराखेको, -म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख नराखेको स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
५			**बजेट तथा कार्यक्रम**	
५.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा विषयगत क्षेत्र हेर्ने गाउँकार्यपालिका सदस्यहरु र प्रमुख प्रशासकिय अधिकृत सदस्य तथा योजना शाखा प्रमुख सदस्य सचिव रहेको समिति गठन गर्नुपर्नेमा सो बमोजिम समिति गठन भएको छैन । ऐन अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नु पर्दछ ।	
५.२			**अवण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था रहेको छ । यस गाउँपालिकाले अध्यक्षको सिफारिसमा कार्यान्वयन हुने योजनाको लागि रु.1,40,00,000/- र उपाध्यक्षको सिफारिसमा कार्यान्वयन हुने योजनाको लागि रु.35,00,000/- गरी कुल रु. एक करोड पचहत्तर लाख (1,75,00,000/-) एकमुष्ट बजेट विनियोजन गरी खर्च गरेको पाईयो । बजेटमा नै व्यवस्था गरी कार्यक्रम र योजनाहरुको संचालन गर्ने र सभाबाट पारीत गरेर मात्र योजना संचालन गरी अवण्डा बजेट राख्ने प्रबृत्तिमा सुधार गर्नु पर्दछ ।	
५.३			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेकोमा २०७७ आषाढ १० मा नै बजेट पारीत भएतापनि २०७८ श्रावण १९ मा मात्र गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गरेको पाईयो । ऐनले तोकेको समयसिमा भित्र बजेटमा प्रयाप्त छलफल गरी अख्तियारी प्रदान गर्नु पर्दछ ।	

५.४ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (बजेट रु. हजारमा)

क्र.सं.	विषयगत क्षेत्र	बजेट	खर्च	जम्मा खर्चको तुलनामा खर्च प्रतिशत
१	आर्थिक विकास	66513	42146	9.59
२	पूर्वाधार विकास	269721	152426	34.68
३	सामाजिक विकास	171867	143441	32.64
४	वातावरण तथा विकास	0	0	0
५	संस्थागत विकास र सुशासन	0	0	0
६	कार्यालय संचालन तथा प्रशासनिक खर्च	129006	101462	23.09
	जम्मा	637107	439475	100

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आर्थिक विकासमा सबैभन्दा कम ९.५९ प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ३४.६८ प्रतिशत बजेट विनियोजन गरी खर्च गरेको छ । पालिकाले संस्थागत सम्बन्ध तथा वातावरण शीर्षकमा कुनै पनि बजेट विनियोजन गरेको पाईएन । पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ ।

५.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्नेमा पालिकाले गरेको देखिएन । ऐनको व्यवस्था बमोजिम प्रोफाइल तयार गर्नु पर्दछ ।

५.६ योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाख सम्म	रु २ लाखदेखि ५ लाख सम्म	रु ५लाख देखि १० लाख सम्म	रु १० लाखदेखि ५० लाख सम्म	५० लाखभन्दा बढी	जम्मा
४७	६१	८३	३४	३६	६	२६७

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.४०००० लाख देखि ५० लाख वढी सम्मका जम्मा २६७ वटा योजना संचालन गरेकोमा रु. २ लाख भन्दा मुनिका मात्र १०८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

६ **राजश्व आन्तरिक नियन्त्रणः**

६.१ कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आम्दानी शिर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर	1000000	1024063	102.41
घरजग्गा बहाल कर	400000	677337	169.3
व्यवसाय कर	1200000	1062886	88.57

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

६.२ आन्तरिक आयः आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले तोकिए बमोजिमका म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरेको छैन । अतः निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्नानुसार फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्दछ ।

-नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१

-दैनिक राजश्व /आम्दानी खाता म.ले.प फाराम नं. १०२

- राजश्व /आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४

			- राजश्व /आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५ -राजश्व /आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६ - राजश्व /आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७	
७			**वित्तीय विवरण**	
७.१			आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा बार्षिक रुपमा मात्र प्रगति विवरण तयार गरेको छ । ऐनबमोजिम चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी प्रगति विवरण तयार गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।	
७.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्नेमा कार्यालयले एकमुष्ट रुपमा रु.700000/- वजेट व्यवस्था गरी कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरेको देखिएतापनि अवकाश कोष स्थापना गरेको छैन । स्थानीय सरकार संचालन ऐन अनुसार गाउँपालिकाले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत कर्मचारीहरुको तलबबाट १० प्रतिशत कट्टी गरी कल्याण कोष स्थापना गर्नु पर्दछ ।	
७.३			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
८			**खरिद व्यवस्थापन**	
८.१			**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । तल उल्लेखित विवरण अनुसार पालिकाले कुल खर्चमध्ये 54.43 प्रतिशत तेस्रो चौमासिकमा र 34.65 प्रतिशत आषाढमा मात्र खर्च भएको देखियो । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (खर्च रु. हजारमा)	

खर्च शिर्षक	कुल खर्च रु.	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
चालु खर्च	255372	55802	67050	132520	70669
पूंजीगत खर्च	189776	33256	46770	109750	83590
जम्मा	445149	89058	113820	242271	154259
प्रतिशत	100%	20%	25.57%	54.43%	34.65%

८.२			**कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ वमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ती गरिएको मालसामान वा प्रदान गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो नभएकोले कार्य स्वीकार प्रतिवेदन पेश गर्नु पर्दछ ।	
८.३			**सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । कार्यालयले सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई सुनिश्चित हुने गरी कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
९			**कोभिड कोषः** कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापन कोषमा २०७७।७८ मा संघ र स्थानीय तहबाट रु.४३०२१९७/- आम्दानी रहेकोमा क्वारेन्टीन र आईसोलेसन, अस्पताल निर्माण, औषधी र स्वास्थ्य सामाग्री तथा अन्यमा रु.३७०२१९७/- खर्च भई रु. ६०००००/- मौज्दात रहेको देखियो । यस सम्बन्धी बिबरण निम्नानुसार रहेको छः	

क्र.सं.	आयतर्फ शिर्षक	रकम	क्र.स.	व्ययतर्फ शिर्षक	रकम
1	संघीय संचित कोषबाट प्राप्त	1000000	1	क्वारेन्टीन होल्डिङ सेन्टर निर्माण	500000
2	प्रदेश संचित कोषबाट प्राप्त	0	2	आईसोलेसन व्यवस्थापन	50000
3	स्थानीय तह कोषबाट	3302197	3	जोखिम भत्ता	1714569
4	अन्य सहायता	0	4	कोरोना अस्पताल कर्मचारी तलब	235431
			5	अन्य खर्च (शव व्यवस्थापन, खाना तथा औषधी)	752197
			6	मौज्दात	600000
जम्मा		4302197	जम्मा		4302197

१०			**शिक्षा तर्फ**	
१०.१			राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याकंन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् - सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन । - मापदण्ड बमोजिम अनुगमन गरेको छैन । - अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । - प्रतिवेदन सार्वजनिक गरेको छैन । तसर्थ नगरपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।	
१०.२			गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
१०.३			राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सिमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र	

			भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन । मापदण्ड बमोजिम अनुगमन गरेको छैन । निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन । अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि । अतः नगरपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।	
१०.४			कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७/७८ को सि.नं. ३.१ अनुसार एकिन संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनुपर्दछ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशतलाई मात्र अनुदान दिने र त्यसपछि २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरीद र वितरण गरेको विवरणका आधारमा संख्या एकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था उल्लेख छ । कार्यालयले निर्देशिका विपरित विद्यालयको मागको आधारमा विद्यालयलाई एकमुष्ट अनुदान उपलव्ध गराएको छ । विद्यार्थीको प्रमाणित कागजातका आधारमा नपुग रकम एकिन नगरी एकमुष्ट रकम निकासा पठाएकोले निर्देशिका विपरीत पठाएको पाठ्यपुस्तकको रकम वरावर विद्यार्थीले पाठ्यपुस्तक पाएको एकिन हुन सक्दैन । अत: निर्देशिका वमोजिम सुरुमा ७५ प्रतिशत तथा EMIS विवरणको आधारमा कागजात प्रमाणित गरी थप २५ प्रतिशत रकम निकासा गर्नुपर्दछ । त्यसैगरी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं. ४.२ मा गैरआवासीय छात्रवृत्ति वितरण गर्दा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृत्ति अनुदान प्रदान गर्नुपर्दछ । छात्रा छात्रवृत्ति अन्तर्गत पालिका भित्रका सामुदायिक विद्यालयहरुलाई IEMIS मा उल्लिखित भन्दा बढी प्रदान गरिएकाले बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने	५८,८००

https://nams.oag.gov.np

विद्यालयको नाम	छात्रवृत्ति दिएको संख्या	IEMIS अनुसार	फरक	बढी
फर्साटिकर मा.वि	२०८	१९४	१४	५६००
भगलापुर मा.वि	२२४	१९१	३३	१३२००
वनगाई मा.वि	११८	११३	५	२०००
पुरैनी आ.वि	१२७	११६	११	४४००
वेलवा आ.वि	१९४	१७३	२१	८४००
राधाकृष्ण बाल आ.वि	११३	८७	२६	१०४००
जनता आ.वि	१५५	१३९	१६	६४००
ज्ञानज्योती आ.वि	६६	५७	९	३६००
वुद्धज्योती आ.वि	३७	३२	५	२०००
समैदेवी आ.वि	३२	२५	७	२८००
जम्मा				५८८००

१०.५ स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार माध्यमिक तह सम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्वन्धी कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्वन्धी मापदण्ड तय गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्छ ।

११ **सम्पत्ति उपयोग र संरक्षण**

११.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख

			समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । गाउँपालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नु पर्दछ ।	
११.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा पालिकाले नगरेको देखियो । तसर्थ, पालिकाले हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता तयार गरी प्रतिबेदन तयार गर्नुपर्दछ ।	
११.३			नगरपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो । पालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु पर्दछ ।	
११.४			आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६(१) ले कोषको अभिलेख अद्यावधिक गरी सोको विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गत रहेका सञ्चित कोष, चालु खाता कोष, कर्मचारी कल्याण कोष, प्रकोप व्यवस्थापन कोष, पूँजिगत खाता कोष लगायतका सम्पूर्ण कोषहरुको विवरण अद्यावधिक गर्दै कोषको आय प्राप्तिको उपयोग गर्नुपर्दछ ।	
१२			**कानून निर्माण एवं कार्यान्वयन**	
१२.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ६ वटा नियमावली, २३ कार्यविधि गरी ५० वटा कानुन र कार्यविधि लगायत निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवश्यक सवै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१२.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको ७ वटा र यो बर्ष थप भएको ४८ गरी कुल ३७ विवाद दर्ता भएकोमा ३७ वटा मात्र फछ्र्यौट भई १८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।	
१३			**अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता**	

१३.१

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था बमोजिम खर्च हुन नसकेका शर्त सहितका अनुदान फिर्ता समयमा नै गर्नुपर्ने भएकाले पालिकाले यसमा ध्यान दिनुपर्दछ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	सशर्त	२०९६६०८१०	१७५४६२३७६	३४१९८४३४
	विशेष	१५००००००	२५७५०२७	१२४२४९७३
प्रदेश सरकार	सशर्त र विशेष	२०८५००००	१११२३४९४	९७२६५०६
	समपुरक	१९३०१०००	५६३९७५६	१३६६१२४४
	जम्मा	२६४८११८१०	१९४८००६५३	७००१११५७

पालिकालाई संघीय तथा प्रदेश सरकारले रु. २६४८११८१० अनुदान पठाएकोमा जम्मा रु. १९४८००६५३ मात्र खर्च गरी रु. ७००१११५७ फिर्ता गरेको छ । पालिकाले प्राप्त गरेको अनुदानको २६.४४ प्रतिशत अनुदान खर्च गर्न नसकी फिर्ता गर्नुले पालिकाको कार्यसम्पादन क्षमतामा कमजोरी देखिन्छ । यसले पालिकाको अपेक्षित आर्थिक तथा सामाजिक विकासको गतिलाई सुस्त पारेकाले सम्बन्धित सम्पूर्ण पक्ष जिम्मेवार भई सहकार्य गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदानको महत्तम उपयोग गर्नुपर्दछ ।

१३.२

शुद्धोधन गाउँपालिकाले लागत साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दा संघीय अनुदान वाट रु. २१,३३,००० र गाउँपालिका वाट रु. २१,३३,००० गरी रु. ४२,६६,००० खर्च गरेको छ । यस कार्यक्रममा ६ वटा कृषक समुहलाई रु. ६,५०,००० का दरले रु. ३९,००,००० अनुदान दिएतापनी कृषक समुह द्वारा लागत सहभागिता भएको देखिएन । यसले लागत साझेदारी पशुपन्छी प्रवर्द्धन कार्यक्रमको दायरालाई संकुचित पारेको छ । त्यसैगरी, कृषक समुह द्वारा गरिने लागत सहभागिताको लागी गाउँपालिका तर्फवाट प्रदान गरिएको अशंलाई आर्थिक, सामाजिक विकासमा उपयोग गरे पालिका भित्र रहेका जनताको वृहत्तर हित हुने देखिन्छ । यो कार्य लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रमको मुख्य उद्देश्य जुन साझेदारीको अवधारणा अनुरुप स्थानीय पुँजी परिचालन मार्फत आय आर्जन तथा रोजगारीका अवसर सृजना गरी पशुपालक कृषकहरुको वचत सुनिश्चित गर्ने हो, त्यसको मर्म विपरित रहेको देखियो । तसर्थ, पालिकाले लागत साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रमको नियमित अनुगमन, पृष्ठपोषण एवं प्रतिवेदन गर्नुपर्दछ ।

१४

पेश्की व्यवस्थापन

पेश्की बाँकीः आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम ५२(३) अनुसार कार्यालयले दिएको म्याद ननाघेको तथा म्याद नाघेको पेश्कीको निम्नानुसार विवरण तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१५			**ठे.नं. SRM/WORK/05/074/75 पालिका भवन निर्माण**	
१५.१			आवधिक कार्यक्रम : ठे.नं. SRM/WORK/05/074/75 Construction of Rural Municipality Office Building : SCC को GCC 26.3 मा The period between program updates is 15 days. The amount to be withheld for late submission of an updated program is NPR 10000.00. आवधिक कार्यक्रम पेश गरेको देखिएन । रकम समेत रोक्का गरेको देखिएन । खरिद सम्झौताको परिपालना गर्ने गराउने तर्फ सम्वन्धित पक्षले ध्यान दिनु पर्दछ ।	
१५.२			**पेश्की फर्छ्यौट :** SCC को GCC49.3 मा Deduction will be at the rate of ……..% of the respective monthly Interim Payment Certificate until such time as the advance payment has been repaid, Provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period. प्रत्येक विलवाट कति प्रतिशत पेश्की फर्छ्यौट गर्ने हो खरिद सम्झौतामा उल्लेख गरेको छैन् । फाइनल विल वापत रु २८,६१,४५७।३१ भुक्तानी भएको छ । यस विलको भुक्तानीमा रु ५,००,०००।०० पेश्की फर्छ्यौट भएको छ । खरिद सम्झौता अनुसार कार्यसम्पन्न गर्नुपर्ने अवधिको ८०% समयभित्र पेश्की फर्छ्यौट गरिसक्नु पर्नेमा उक्त अवधिभित्र पेश्की फर्छ्यौट भएको देखिएन । अत: खरिद सम्झौताको पालना गरी समयमा पेश्की फर्छ्यौट गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
१५.३	44	२०७७-८-२८	**प्रोभिजनल सम :** प्रोभिजनल सम वापत भुक्तानी गर्दा वी.ओ.क्यू. मा उल्लेखित रकमको सीमा सम्म सक्कल विजक पेश गरेको आधारमा भुक्तानी हुनु पर्दछ । प्रोभिजनल सम वाट गुणस्तर प्रयोगशाला परीक्षण वापत रु १,००,०००।००; विजुलि, तारवार लगायत सुरक्षा सम्वन्धि कार्य वापत रु २५,०००।००; As Built Drawings वापत रु २०,०००।०० गरी कुल रु १,४५,००० भुक्तानी भएकोमा सक्कल विल भर्पाई पेश नभएकोले सक्कल विल भर्पाई पेश गर्नुपर्ने रु	१४५,०००
१६			**ठे.नं. NCB/SRM/19/076-77 : पालिकाको कार्यालय परिसर वरीपरी पर्खाल लगाउने कार्य**	
१६.१			**खरिद सम्झौताको म्याद :** ठेक्का वन्दोवस्त गर्दा निश्चित मापदण्डका आधारमा काम सम्पन्न गर्नुपर्ने अवधि गणना गरी खरिद सम्झौता गर्नु पर्दछ । पालिकाको कार्यालय परिसर वरीपरी पर्खाल लगाउने कार्यको कवोल अंक रु ७६,४३,५२६।९६(मू.अ.कर र PS समेत) को मिति २०७७।३।२५ मा सम्पन्न गर्ने गरी मिति २०७७।०२।२९ मा सम्झौता भएको छ । जम्मा एक महिनाको अवधि राखि खरिद सम्झौता भएको छ । शुरु सम्झौता अनुसारको सम्पन्न गर्नु पर्ने अविधभित्र कार्य सम्पन्न नभई ६ महिना अर्थात शुरु सम्झौता अवधिको ६००% अवधि म्याद थप भइ कार्य सम्पन्न भएको छ । निश्चित मापदण्डका आधारमा काम सम्पन्न गर्नुपर्ने अवधि गणना गरी खरिद सम्झौता गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
१६.२			भेरिएशन अर्डर : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा भेरिएशन आदेश सम्वन्धि व्यवस्था रहेको छ । यस निर्माण कार्यको १.०९% को भेरिएशन अर्डर जारी भएको छ । शुरु लागत अनुमानमा ०.३७% घटी भएकोमा शुरु सम्झौता रकममा १.०९% वढी भेरिएशन आदेश जारी भएको छ । नकारात्मक भेरिएशन अर्डर जारी भएको छ । अर्थात वढी दर कवोल गरेको कामको आइटम वढेको देखिन्छ । भेरिएशन आदेश जारी गर्दा मितव्ययी तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	

१६.३			**त्रुटि सच्याउने :** यस निर्माण कार्यको खरिद सम्झौतामा त्रुटी सच्यचउने अवधि ३६५ दिन रहेको छ । कार्यसम्पन्न भएको ३६५ दिन भित्र भएका त्रुटिहरु सच्याउने दायित्व निर्माण व्यवसायीको रहन्छ । वी.ओ.क्यू. को आइटम नं. १ प्रोभिजनल सम मा ल्याव परिक्षण र काम, सामग्री, कामदार र तेश्रो पक्षको क्षति विरुद्धको वीमा वापत वी.ओ.क्यु. मा रु ३५,०००।०० रहेकोमा वीमा गरेको पाइएन । यो पालिकाको कार्यालय परिसर वरीपरी पर्खाल लगाउने कार्य सम्पन्न भएकोमा पर्खालको केही भाग भत्किएको छ । हालसम्म उक्त भत्किएको कार्य निर्माण गरेको देखिएन । त्रुटी सच्याउने अवधि वाँकी रहेकोले कामको मूल्याङ्कन गरी अविलम्व निर्माण व्यवसायीवाट कार्य गराउनु पर्दछ ।	
१७			**ठे.नं. NCB/SRM/15/076-77 वडा नं. ३ को वडा कार्यालय भवन निर्माण कार्य**	
१७.१			**खरिद सम्झौतामा पेश्की फर्छ्यौटको व्यवस्था :** ठे.नं. NCB/SRM/15/076-77 वडा नं. ३ को वडा कार्यालय भवन निर्माण कार्य को खरिद सम्झौताको SCC को GCC49.3 मा Deduction will be at the rate of ……..% of the respective monthly Interim Payment Certificate until such time as the advance payment has been repaid, Provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period. को व्यवस्था रहेको छ । प्रत्येक विलवाट कति प्रतिशत पेश्की फर्छ्यौट गर्ने हो खरिद सम्झौतामा उल्लेख गरेको छैन् । यसले गर्दा स्वविवेकीय आधारमा पेश्की फर्छ्यौट हुने देखिन्छ । निर्माण कार्यको प्रत्येक विलवाट कति पेश्की फर्छ्यौट गर्नुपर्ने स्पष्ट व्यवस्था गरी खरिद सम्झौता गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
१७.२			**अधावधिक कार्यक्रम :** खरिद सम्झौताको SCC को GCC 26.3 मा The period between program updates is 30 days. को व्यवस्था रहेको छ । निर्माण व्यवसायीवाट आवधिक कार्यक्रम पेश गरेको देखिएन । समयमा आवधिक कार्यक्रम पेश नगरेकोमा समेत निर्माण कार्यको म्याद थप गर्ने गरेको छ । खरिद सम्झौताको परिपालना गर्ने गराउने तर्फ सम्वन्धित पक्षले ध्यान दिनु पर्दछ ।	
१७.३			**सम्पत्तिको उपयोग :** (ठे.नं. NCB/SRM/14/076-77 बसपार्क निर्माण कार्य): यस निर्माण कार्यको सम्झौता रकम रु ८१,६१,९१५.५६(मू.अ.कर समेत) रहेको छ । यस कार्यको वी .ओ.क्यु. मा प्रोभिजनल सम वापत वीमाको आइटममा रु ३,००,०००।०० रहेकोमा वीमा गरेको छैन् । स्थलगत निरीक्षण गर्दा यस वसपार्क निर्माणमा तार जालिको घेरा लगाएकोमा भत्किएको छ भने भवनको सीसा फुटेको अवस्था छ । वसपार्क भित्र कुनै गाडि हरु पार्कमा रहेको छैन् भने हाल सम्म कुनै गाडी वस पार्कमा लगेर पार्क गर्ने गरेको पाइएन । सरकारी लगानी तथा सम्पतिको संरक्षण र उपयोग भएको देखिएन । सरकारी लगानी प्रतिफलयुक्त वनाउने तथा सम्पत्तिको संरक्षण र उपयोगतर्फ पालिका गम्भिर हुनु पर्दछ ।	
१८			**ठे.नं. NCB/SRM/17/076-77 केवलपुर-खजुरीया-राजपुरैनी सडक कालोपत्रे कार्य**	
१८.१			**धरौटी कट्टी र दाखिला :** पालिकाले धरौटी कट्टी गरी धरौटी खातामा दाखिला गरी अभिलेख राख्नु पर्दछ । यस पालिकाले धरौटी कट्टी गरी एकमुष्ट दाखिला गर्ने गरेकोमा प्रत्येक ठेक्कावाट कट्टी भएको धरौटी स्पष्ट देखिने विवरण संलग्न गरेको पाइएन । प्रत्येक ठेक्काको धरौटी कट्टी गरेको रकम स्पष्ट देखिने विवरण संलग्न गरेर धरौटी दाखिला गर्नु पर्दछ ।	

१८.२	2	२०७७-५-२१	**एकमुष्ट पेश्की भुक्तानी :** गो.भौ.नं. २।०७७।०५।२१ खरिद सम्झौताको SCC को GCC49.1 मा The Advance Payment shall be 20% of initial Contract Price excluding the Provisional Sums, and Vat and shall be made in two installments को व्यवस्था रहेको छ । यस निर्माण कार्यको कवोल अंक रु ४०,५९,५२२।१२ (मू.अ.कर समेत) रहेको छ । सम्झौता विपरीत पालिकाले एकमुष्ट पेश्की रु ७,०६,३५७।०० भुक्तानी दिएको छ । पेश्की भुक्तानी गर्दा खरिद सम्झौताको परिपालना गरेको देखिएन । खरिद सम्झौताको व्यवस्था अनुसार दुइ किस्तामा पेश्की भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
१९			**ठे.नं. NCB/SRM/06/077-78 सडक कालोपत्रे**	
१९.१			**सम्झौताको म्याद :** ठे.नं. NCB/SRM/06/077-78 किसुली चोक देखि सिसै मा.वि. हुदै परौता भाटा पुल सम्म सडक कालोपत्रे गर्ने कार्यको खरिद सम्झौता मिति २०७८।०३।१८ । मा भएकोमा कार्य सम्पन्न गर्नु पर्ने मिति खरिद सम्झौताको SCC को GCC1.1(u) मा The Intended Completion Date for the whole of the Works shall be As of decision of Province/Central Government उल्लेख भएको छ । कार्य सम्पन्न गर्नु पर्ने म्याद स्पष्ट नभएको सन्दर्भमा प्रदेश समपुरकको वजेट रहेको र प्रथम घटीवाला निर्माण व्यवसायी सम्झौता गर्न नआएको कारण वोलपत्र जमानत जफत र कालोसूचीमा राख्ने प्रकृयाले केही ढिलाई भएको र आर्थिक वर्षको अन्त्यमा दोश्रो घटीवाला निर्माण व्यवसायी सँग सम्झौता गरिएको र आगामी वर्षका लागि प्रदेश समपूरकको वजेट सुनिश्चित नहुदाँ क्रमागत योजनाको रुपमा सम्झौता गर्न समस्या भएको र कार्य सम्पन्न गर्नुपर्ने अवधि स्पष्ट उल्लेख गर्न नसकिएको पालिकाको भनाई रहेको छ । खरिद सम्झौता गर्दा सम्पन्न गर्नुपर्ने म्याद स्पष्ट उल्लेख गरी सम्झौता गर्नु पर्दछ ।	
१९.२	218	२०७८-३-२२	**एकमुष्ट पेश्की भुक्तानी :** गो.भौ.नं. २१८।०७८।०३।२२: खरिद सम्झौताको SCC को GCC49.1 मा Advance Payment shall be 20% of initial Contract Price excluding the PS & Vat and shall be made in two installments को व्यवस्था छ । यस निर्माण कार्यको कवोल अंक रु ६९,५०,७८४।२२ (मू.अ.कर समेत) रहेको छ । सम्झौता विपरीत पालिकाले एकमुष्ट पेश्की रु १२,१०,०००।०० भुक्तानी दिएको छ । पेश्की भुक्तानी गर्दा खरिद सम्झौताको परिपालना गरेको देखिएन । खरिद सम्झौताको व्यवस्था अनुसार दुइ किस्तामा पेश्की भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
२०			**ठेक्का र उपभोक्तावाट कार्य**	
२०.१	278	२०७८-३-२५	ठेक्का र उपभोक्तावाट कार्य : काम गराउदा पालिकाले स्पष्ट प्याकेज वनाइ काम गराउनु पर्दछ । चिल्ड्रेन पार्क निर्माण उपभोक्ता समितिलाई प्रथम रनिङ्ग विल वापत रु १७,५०,०००।०० भुक्तानी भएको छ । चिल्ड्रेन पार्कको निर्माण कार्य ठेक्का वाट र उपभोक्ता समिति मार्फत भएको छ । उपभोक्ताले गर्नुपर्ने काम के र कुन हो? र निर्माण व्यवसायी मार्फत गर्नु पर्ने काम के र कुन हो? त्यसको लागत कति हो ? स्पष्ट उल्लेख भई विस्तृत परियोजना प्रतिवेदन तयार भएको देखिएन । विस्तृत परियोजना प्रतिवेदनमा कामको कुल लागत उल्लेख भएको तर कुन काम उपभोक्ताले गर्ने र कुन काम निर्माण व्यवसायीले गर्ने भन्ने सम्वन्धमा स्पष्ट उल्लेख नभएको पालिकाले जानकारी दिएको छ । विस्तृत परियोजना प्रतिवेदनमा स्पष्ट प्याकेज वनाइ कुन काम कसवाट गराउने हो उल्लेख गरी दोहोरो नपर्ने गरी काम गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
२०.२	144	२०७८-२-२५	**वढी भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,	१९३,२९१

			भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । फर्साटिकर गाउँभित्रको सडक कालोपत्रे उपभोक्ता समिति को विल वापत रु ९,३१,२००।०० भुक्तानी भएको छ । यस निर्माण कार्यको आइटम नं. 6. Providing, mixing, laying and Compaction of Premix carpet को नापी किताव अनुसार वास्तविक नापी परीमाण १५.७८ घन मी. हुनुपर्नेमा ३०.०२ घन मी. नापी गरी १४.२४ घन मी. परिमाण वढी भुक्तानी दिएकोले वढि भुक्तानी १४.२४ घन मी. प्रति घन मी. रु १३,५७३।८५ का दरले रु १,९३,२९१।६२ सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनु पर्दछ रु..	
२०.३	261	२०७८-३-२५	**सरकारी सम्पत्तिको उपयोग :** संरचना निर्माण गर्दा उपयोग हुनेगरी पूर्ण रुपमा सम्पन्न गर्नु पर्दछ । भगलापुर मा.वि. भवन निर्माण उपभोक्ता समितिलाई रु ८,४०,०००।०० भुक्तानी भएको छ । यस निर्माण कार्यको दुई वटा प्याकेज वनाई भगलापुर मा.वि. भवन निर्माण उपभोक्ता समितिवाट कार्य गराएको छ । कार्य सम्पन्न भएकोमा हाल सम्म पनि झ्याल र ढोकाको खापा राखेको पाइएन जसले गर्दा हाल सम्म पनि उक्त भवनको उपयोग हुन सकेको छैन् । लागत अनुमान तयार गर्दा आवश्यक झ्याल ढोका सहितको तयार गरी कार्य सम्पन्न गर्ने र सरकारी सम्पत्तिको उपयोग गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
२१			**इन्जिनियरिङ्ग नम्स र उपभोक्ताको विल वीच सामञ्जस्यता, प्रोभिजनल सम र सम्पत्तिको उपयोग**	
२१.१			**इन्जनियरिङ्ग नम्स र उपभोक्ताको विल वीच सामञ्जस्यता :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । नियमावली को नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन , विल, भरपाइ, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ ।यस पालिकाको नमुना छनोटको आधारमा गरिएका लेखापरीक्षणवाट कतिपय उपभोक्ता समितिले गरेको वास्तविक कामको परिमाण नापी किताव र खर्च प्रमाणित गर्ने कागजात विच मिलान भएको देखिएन । उपभोक्ता समिति वाट व्यहोर्नुपर्ने योगदानको अशं वरावरको डोर हाजिरी पेश भएकोमा इन्जिनियरिङ्ग नम्स अनुसार कुन कामका लागि कति श्रमिकको आवश्यकता पर्ने हो ? कामको कुनै आइटममा एक श्रमिकले एक दिनमा प्रति इकाइ कति र कुल कति परिमाण कार्य गर्न सक्छ भनी एकिन नगरी आवश्यकताभन्दा बढी डोर हाजिर राखि खर्च लेखेको पाइयो । इन्जिनियरिङ्ग नम्स अनुसार कामको परिमाण र खर्च प्रमाणित गर्ने विल भर्पाइ वीच सामञ्सयता हुनुपर्दछ । निम्नानुसार उपभोक्ता समितिवाट भएको कामको भुक्तानी गर्दा पेश भएको डोर हाजिरीमा उल्लेख भएको श्रमिकको संख्या र इन्जनियरिङ्ग नम्स अनुसार हुनुपर्ने कामको परिमाण वीच फरक परेको देखियो । श्रमिकको संख्याको तुलनामा वास्तविक कामको परिमाण नमिल्दा डोर हाजिरीको संख्या वास्तविक हो भन्न सकिएन । नापी कितावको परिमाण र खर्च प्रमाणित गर्ने विल भर्पाइहरु विच सामञ्जस्यता नहुदाँ वास्तविक काम भएको परिमाण एकिन हुन नसकेको रु........ दक्ष कामदारको दैनिक ज्याला रु ८२०।०० र अदक्ष कामदारको दैनिक ज्याला रु ५५५।०० जिल्ला दररेट रहेको छ ।	६८४,२१०

उपभोक्ता समितिको नाम	नम्स अनुसार हुनुपर्ने लेवर संख्या		नम्स अनुसार हुनुपर्ने मिस्त्री संख्या		नम्स अनुसार कामदारलाई हुनुपर्ने कुल भुक्तानी	डोर हाजिर अनुसार भएको भुक्तानी	फरक
	संख्या	जम्मा	संख्या	जम्मा			
महालक्ष्मी पेट्रोलपम्प अगाडि कालोपत्रे	४०२	२२३११०	१५	१२३००	२३५४१०	६७४२४०	४३८८३०
फर्सातिकार गाउँभित्र कालोपत्रे सडक	२७३	१५१५१५	१४	११४८०	१६२९९५	४०८३७५	२४५३८०
जम्मा							६८४२१०

२१.२	127	२०७७-१२-२०	**प्रोभिजनल समको भुक्तानी :** प्रोभिजनल सम वापत वी.ओ.क्यु. मा उल्लेखित सीमा भित्र सक्कल विजकको आधारमा भुक्तानी गर्नु पर्दछ । मानपकडी गाउँको चोक देखी उत्तर तर्फ पि.सि.सि. रोड ढलान कार्य उपभोक्ता समितिलाई प्रोभिजनल सम वापत प्रयोगशाला परीक्षणको लागि रु ७,४००।०० भुक्तानी दिएकोमा रु १४००।०० को विल रहेको र वाँकी रु ६,०००।०० को क्युव टेष्टको लागि प्राविधिक ल्याउन र पुर्याउन भनी गाडीको भर्पाई राखी भुक्तानी भएको छ । गुणस्तर परीक्षण गरेको प्रमाण समेत संलग्न रहेको छैन् । गाडीको भर्पाइ राखी प्रोभिजनल सम वापतको भुक्तानी दिएको रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनु पर्दछ रु.	६,०००
२१.३	5	२०७७-६-२०	**प्रोभिजनल सम :** प्रोभिजनल सम वापत वी.ओ.क्यु. मा उल्लेखित सीमा भित्र सक्कल विजकको आधारमा भुक्तानी गर्नु पर्दछ । साझा टोल काभ्राको रुख सडक कालोपत्रे निर्माण उपभोक्ता समितिलाई प्रोभिजनल समको ल्याव टेष्ट वापत रु २०,०००।०० भुक्तानी भएकोमा रु ८४५२।०० को विल संलग्न रहेकोले विल पेश नभएको रु ११,५४८।०० सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनु पर्दछ ।	११,५४८
२१.४			निर्माण संरचनाको उपयोग : निर्माण संरचनाका लागि स्रोतको सुनिश्चित गरी कार्यक्रम स्वीकृत पश्चात कार्यक्रम संचालन गर्नु पर्दछ । पुरैना कोलुवा जोड्ने भैरहवा खोलाको कल्भर्ट निर्माण कार्यका लागि आ.व.२०७६।७७ मा विनियोजित वजेट रु ५,००,०००।०० र आ.व. २०७७।७८ मा विनियोजित वजेट रु २,००,०००।०० गरी जम्मा रु ७,००,०००।०० वजेट विनियोजन भएको छ । गो.भौ. १५२।०७८।०३।०१ वाट उपभोक्ताको विल वापत रु ६,७९,०००।०० भुक्तानी भएको छ । यस निर्माण कार्यवाट कल्भर्ट निर्माण गर्ने कार्य रहेकोमा कल्भर्ट निर्माण कार्य सम्पन्न भएकोमा कल्भर्टको एउटा एवुटमेण्ट वाहिरवाट खोला (घोला) वगेको पालिकाले जानकारी दिएको छ ।पालिकाले सरकारी लगानीको प्रतिफल तर्फ ध्यान दिएको देखिएन । वजेटको आधारमा लागत अनुमान तयार हुदाँ कल्भर्टको विङ वाल निर्माण कार्यको आइटम नभएको यसले गर्दा एवुटमेण्ट वाहिरवाट खोला वगेर कल्भर्ट उपयोगमा नआएको अवस्था छ । कामको वास्तविक आवश्यकता एकिन गरी लागत अनुमान तयार गर्ने र सोही आधारमा वजेट विनियोजन गरी समयमा कार्य सम्पन्न गरी सरकारी सम्पतिको प्रभावकारी उपयोग गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । विङ वालको लागि आ.व. २०७८।७९ मा समेत कुनै वजेट विनियोजन भएको छैन् ।	

२२			**आन्तरिक आय र आय ठेक्का**	
२२.१			**दोस्रो बढीवाला सँग सम्झौताः** शुद्धोधन गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को परिच्छेद १२ को नियम १३८ (५) मा आय ठेक्काको लागि प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा डाँक बोल्ने व्यक्तिले आफुले कबोल गरेको अंकको पाँच प्रतिशत रकम नगदै वा सूचनामा तोकिएको बैँकमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्रबैँकबाट मान्यता प्राप्त बैँकले जारी गरेको कम्तीमा नब्बे दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष संचालन गरेका निम्नानुसारको ठेक्काहरुमा पहिलो बढी अंक कबोल गर्ने निर्माण व्यवसायी/व्यक्ति सँग सम्झौता नगरी दोस्रो/तेस्रो बढी अंक कबोल गर्नेसँग सम्झौता गरेको छ । तोकिएकै बैँकमा चेक नम्बर उल्लेख गरेको धरौटी जम्मा भौचर ठेक्का फाईलमा रहँदा समेत धरौटीको विवरणमा निजहरुको नामबाट कुनै रकम जम्मा भएको नदेखिएकोले दोस्रो बढी अंक कबोल गर्नेसँग ठेक्का सम्झौता गरेको कार्यालयले उल्लेख गरेको छ । नियमावली बमोजिम नै बोलपत्र खोल्ने अवधिभित्रको सूचनामा तोकिएको बैँकमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर रहेकोले निजसँग सम्झौता नगर्नु नियमावली विपरीत भएको साथै दोस्रो बढी अंक कबोल गर्ने निर्माण व्यवसायी/व्यक्तिसँग सम्झौता गर्दा पालिकाको निम्नानुसार राजश्व घट्न गएको देखिएकोले ठेक्का सम्झौता सँग सम्बन्धित पदाधिकारीहरु लाई जिम्मेवार बनाउनु पर्ने देखिएको रु.	१०,३८५,१६५

आय ठेक्का नं.	पहिलो बढी कबोल गर्नेको नाम	रकम	दोस्रो बढी कबोल गर्नेको नाम	रकम	फरक
आय/०३/077/78	पि.एण्ड आर सप्लायर्स, रुपन्देही	11100111	एम.बि.जि. कन्स्ट्रक्सन, सियारी रुपन्देही	5100000	6000111
आय/०६/077/78	ए वान सप्लायर्स, रुपन्देही	12000000	समबुद्ध सप्लायर्स,रुपन्देही	9513274	2486726
आय/०५/077/78	ए वान सप्लायर्स, रुपन्देही	6166666	नेपालय आर्किटेक्स एण्ड विल्डर्स प्रा.लि.	4268338	1898328
जम्मा		29266777		18881612	10385165

२२.२			**आय ठेक्का वक्यौताः** शुद्धोधन गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को परिच्छेद १२ को नियम 143 (1) मा विभिन्न कारणबाट असुल हुन नसकी बाँकि रहेको वक्यौता रकम असुल गर्न वक्यौता असुली कार्य योजना बनाई रकम असुल उपर गरिने व्यवस्था रहेको छ । गाउँपालिकाले निम्नानुसार आय ठेक्काको असुल गर्न बाँकी रकमको कार्ययोजना तयार गरी असुली कार्य गरेको छैन । नियमावली बमोजिम वक्यौता रकम असुलीको कार्ययोजना सहित विभिन्न आय ठेक्काको निम्नानुसार रु. असुल गर्नुपर्ने	९,६१९,४२१

आय ठेक्काको नाम	निर्माण व्यवसायी	कबोल अंक (करबाहेक)	दाखिला रकम	बाँकी
आय/०२/077/78	ईजि सप्लायर्स, रुपन्देही	13152525	12379883.75	773500
आय/०३/077/78	एम.बि.जि. कन्स्ट्रक्सन, रुपन्देही	5100000	4798046	301954
आय/०४/077/78	महाजन सप्लायर्स, रुपन्देही	6285225	3148642.38	3136583
आय/०६/077/78	समबुद्ध सप्लायर्स, रुपन्देही	9513274.34	4756575.34	4756699
फर्साटिकर हाटबजार	राजु अग्रहरी	900685	250000	650685
जम्मा		34951709.34	25333147.47	9619421

२२.३

शिर्षक फरक पारी रकम जम्माः एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार प्राप्त हुने राजश्व सम्बन्धित शिर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ जसअनुसार स्थानीय तह वा मुल्य अभिबृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थाले संकलन/दाखिला गर्ने मु.अ.कर राजश्व शिर्षक नं.33317 (बेदर्तावालबाट गर्ने संकलन) बाट आन्तरिक राजश्व कार्यालयले तोकेको खातामा जम्मा गर्नुपर्दछ । यस स्थानिय तहले निम्नबमोजिमको पार्टीहरुबाट विभिन्न आय ठेक्कामा मुल्य अभिबृद्धि कर बापत प्राप्त गरेको रकम राजश्व शीर्षक नं.33314 मा जम्मा गरेको पाईयो । पालिकाले संकलन गरेको राजश्व सम्बन्धित शीर्षकमा कार्यालयको नामबाट नै दाखिला गर्नु पर्दछ ।

https://nams.oag.gov.np

			पार्टीको नाम	जम्मा हुनुपर्ने शिर्षक	जम्मा भएको शिर्षक	रकम	

पार्टीको नाम	जम्मा हुनुपर्ने शिर्षक	जम्मा भएको शिर्षक	रकम
आय ठेक्का नं. २, ईजि सप्लायर्स, रुपन्देही	33317	33314	1709828
आय ठेक्का नं. 3, एम.वि.जि कन्स्ट्रक्सन	33317	33314	663000
आय ठेक्का नं. 4, महाजन सप्लायर्स	33317	33314	817079
आय ठेक्का नं. 5, नेपालय आर्किटेक्स एण्ड विल्डर्स	33317	33314	554883
आय ठेक्का नं. 6, समबुद्ध सप्लायर्स	33317	33314	1236725
हिराचन कालीगण्डकी सिद्धार्थ जे.भी.	33317	33314	765012
रिजाल कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रा.ली.	33317	33314	54170
रमण/जे.जे.ई सि.सि. एल जे.भी.	33317	33314	40340
जम्मा			5841037

२३			**बढी ग्रेड भुक्तानी** सहायक पाँचौ श्री लक्ष्मण प्रसाद ज्ञवालीलाई श्रावण देखी मंसिर सम्म मासिक १ ग्रेडका दरले कुल ५ ग्रेड बढी भुक्तानी भएकाले उहाँवाट बढी भुक्तानी भएको रु. ४७०० असूल गर्नुपर्ने	४,७००
२४			**उपभोक्ता समिति गठन र परिचालन**	
२४.१			जटिल प्रकृतिको कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार बाटो कालोपत्रे गर्न उपभोक्ता समिति गठन गरी हेभी मेसिनहरुको प्रयोगविना कार्यसम्पन्न हुन नसक्ने कार्यहरु समेत उपभोक्ताबाट गराएको पाईयो । साथै पालिकाले केही कालोपत्रे गर्ने कार्यमा श्रमिकको ज्यालाबापत खर्च लेखेको रकम सम्बन्धितले नबुझेको देखिएकोले सो कार्य उपभोक्ता समितिले नै गरेको हो भन्न सकिएन । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
98-2077/10/16	खजुरिया गाउँभित्र सडक कालोपत्रे उपभोक्ता समिति, वडा न. ५	सडक कालोपत्रे (४२ जना लेवर र मिस्त्रीको डोरहाजिरी खर्च रु.790300 को भरपाई नभएको)	2046410
140-2078/02/09	बेतही गाउँदेखि पश्चिम हेल्थपोष्ट जाने सडक कालोपत्रे निर्माण उपभोक्ता समिति, वडा नं. 3	सडक कालोपत्रे (24 जना लेवर र मिस्त्रीको डोरहाजिरी खर्च रु.२९५१५० को भरपाई नभएको)	761700
139-2078/01/02	शिवालय चोकदेखि मन्दिर जाने बाटो कालोपत्रे उपभोक्ता समिति	सडक कालोपत्रे	1247800
4-2077/06/15	बाँसघारी ढोगना सडक कालोपत्रे उपभोक्ता समिति	सडक कालोपत्रे	485000
जम्मा			4540910

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२४.२ उपभोक्ता समिति दर्ताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न 220 उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.6,05,63,000/- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

२४.३ सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97(7) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सामाजिक लेखापरीक्षण गराउनु पर्ने, उपनियम 12 मा कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने गरी जिम्मेवारी समेत तोकी स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न प्रकृतिका उपभोक्ता समिति गठन गरी कार्य गरेकोमा उपभोक्ता समितिले खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरेको र सामाजिक लेखापरीक्षण नगराएको साथै कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने गरी जिम्मेवारी समेत तोकि उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । नियमावलीमा भएको व्यवस्था बमोजिम उपभोक्ता समिति गठन र परिचालन गरिनु पर्दछ ।

२४.४

सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 (9) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नमिल्ने तथा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको हेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निम्नानुसार उपभोक्ता समिति गठन गरी विभिन्न प्रकारको हेभी मेशीनहरु प्रयोग गरेको पाईयो । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

क्र.सं.	गो.भौ.नं. र मिति	उपभोक्ता समितिको नाम	कार्यसम्पन्न	हेभी मेशीनरीमा खर्च
1	136-2078/01/02	शान्तिनगर सहकारी चोकदेखि फर्साटिकर जाने बाटो पि.सि.सि ढलान उ.स. वडा नं. 5	1038418	100000
2	62-2077/09/08	सरहतिया जाने बाटो स्तरोन्नती	485000	50000
जम्मा			1523418	150000

पालिकाले स्थानीय स्तरमा रोजगारी सिर्जना हुने र स्थानीय जनशक्ति तथा सीप प्रयोग गरी गर्न सकिने प्रकृतिका कार्यहरु मात्र नियमावलीको व्यवस्था बमोजिम उपभोक्ता समिति गठन गरी संचालन गर्नु पर्दछ ।

२५ **सामाजिक सुरक्षा**

२५.१

प्रमाण पेश गर्नुपर्नेः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६ (१) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निम्नानुसार लाभग्राहीलाई प्रथम र दोस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा एउटै नाम र नागरिकता नम्बर भएको लाभग्राहीरुको छुट्टा छुट्टै खाता रहेको पाईयो । एउटै नागरिकता प्रमाणपत्र नम्बर बाट एउटै बैँक तथा वित्तीय संस्थामा दोहोरो खाता नहुनुपर्नेमा निम्नानुसार लाभग्राहीको दोहोरो खाता रहेको देखियो । पालिकाले निम्नानुसार लाभग्राहीको खाता र नागरिकता प्रमाणपत्र नं. दोहोरो परेको हो होईन एकिन गरी दोहोरो परेको भए एउटा खाताको रकम संघीय बेरुजु खातामा दाखिला गर्नुपर्ने रु. २४,०००

लाभग्राहीको नामथर	ना.प्र.प. नम्बर	वडा नं.	खाता नम्बर	रकम रु.
भोना केवट (जेष्ठ नागरिक)	3364	1	049000093518	24000
			049000093518	

२५.२

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा 23 (5) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता संचालन गर्ने बैँक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्चीकरण विभागलाई

			दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त गरेको छैन । कार्यविधि वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैँकहरुले निष्कृय खाताको विवरण तोकिएको समयाविधिमा तयार गरी गाउँपालिकालाई उपलब्ध गराउने र कार्यालयले पनि समयमा नै विवरण प्राप्त गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
२६			संपरीक्षण **अनुगमन तथा सम्परीक्षण**– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२) (घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । गत वर्षसम्मको बाँकी बेरुजू (A): 64041000 यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B): 24987962 गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B): 39053038 यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।	

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)
64041000	24987962	39053038

क्र.सं.	आर्थिक वर्ष	दफा नं.	बेरुजुको संक्षिप्त व्यहोरा	संपरीक्षणको आधार		रकम
१	2074/75	10	नर्म्स भन्दा बढी भुक्तानी भएको असुल हुनुपर्ने	दाखिला भौचर पेश भएकोले संपरीक्षण		3000
2	2075/76	15.7	नर्म्स भन्दा बढी भुक्तानी भएको असुल हुनुपर्ने	निम्नानुसार पदाधिकारी तथा कर्मचारीहरुको दोहोरो भत्ता दाखिला भएकोले संपरीक्षण		24055
				किशुन चन्द्र चौधरी	680	
				शान्तीदेवी ज्ञवाली	1360	
				शिव पूजन बानिया	3825	
				जयशंकर पाठक	5440	
				राजेन्द्र कडैंल	6800	
				हेमन थापा	3400	
				राधिका अधिकारी	2550	
3		16.4	पत्रपत्रिकाको करकट्टी नगरी भुक्तानी	निम्नानुसार संस्थाहरुको करकट्टी गरेको दाखिला भौचर पेश भएकोले संपरीक्षण		4455
				गौतमबुद्ध मिडीया प्रा.लि.	2025	
				नव भैरहवा साप्ताहिक	1080	
				शालीन साप्ताहिक	1350	
4		23.1	नर्म्स भन्दा बढी भुक्तानी भएको असुल हुनुपर्ने	दाखिला भौचर पेश भएकोले संपरीक्षण		3315
				किशुन चन्द्र चौधरी	1105	
				शान्तीदेवी ज्ञवाली	2210	
5		24.2	ग्रेड वापत बढी भुक्तानी भएको रकम असुल	विष्णु प्रसाद नेपालको माघमा ग्रेड बृद्बि हुने र पौषको तलब बाट		19838

							गर्नुपर्ने	ग्रेड बढी भुक्तानी भएको रकम कट्टी भएको तथा पार्वती चौधरीको तलबी प्रतिवेदनमा नै ग्रेड २३४९ नै पारित भएकोले दोहोरो नभएकोले संपरीक्षण				
				6		24.4	नर्म्स भन्दा बढी भुक्तानी भएको असुल हुनुपर्ने	निम्नानुसार पदाधिकारी तथा कर्मचारीहरुको दोहोरो भत्ता दाखिला भएकोले संपरीक्षण		1020		
								शिव पूजन बानिया	255			
								जयशंकर पाठक	255			
								उदयराज गडरिया	255			
								पुन्नेराम गौतम	255			
				7		24.5	नर्म्स भन्दा बढी भुक्तानी भएको असुल हुनुपर्ने	निम्नानुसार पदाधिकारी तथा कर्मचारीहरुको दोहोरो भत्ता दाखिला भएकोले संपरीक्षण		1500		
								जयशंकर पाठक	300			
								पुन्नेराम गौतम	300			
								विष्णु प्रसाद बस्याल	300			
								हेम बहादुर खड्का	300			
								राजेन्द्र कडैँल	300			
				8		24.6.3	नर्म्स भन्दा बढी भुक्तानी भएको असुल हुनुपर्ने	उदयराज गडरियाले दाखिला भएको भौचर पेश भएकोले		300		
				9		24.8.2	अनुगमन भत्ता असुल गर्नुपर्ने	शान्तीदेवी ज्ञवाली, शिव पुजन बानिया, जयशंकर पाठक, उदयराज गडेरिया, पुन्नेराम गौतम, विष्णु प्रसाद बस्याल, हेम बहादुर खड्का, र राजेन्द्र कँडेल सहित ९ जनाको १५०० का दरले दाखिला भौचर पेश भएकोले संपरीक्षण		13500		
				10		24.9	नर्म्स भन्दा बढी भुक्तानी भएको असुल हुनुपर्ने	किशुन चन्द्र चौधरी, शान्तीदेवी ज्ञवाली र उमाकान्त चपाई		900		

				सहित ३ जनाको ३०० को दरले दाखिला भौचर पेश	
11		24.9.1	नर्म्स भन्दा बढी भुक्तानी भएको असुल हुनुपर्ने	हेमन थापा, सुशिला हरिजन, सोमनाथ यादव, सीता पन्थी र ओम प्रकाश चौधरीको भत्ता दाखिला भएकोले संपरीक्षण	3600
12		24.11	नर्म्स भन्दा बढी भुक्तानी भएको असुल हुनुपर्ने	शिव पूजन बानिया, जयशंकर पाठक र सोमनाथ यादवको नाममा भएको बेरुजु दाखिला भएकोले	1020
13		25.1	पदाधिकारीहरुको संचार सुविधा असुल गर्नुपर्ने	किसुनचन्द्र चौधरीको रु.36000/- शान्तीदेवी ज्ञवाली,शिव पुजन बानिया, जयशंकर पाठक, उदयराज गडेरिया, पुन्नेराम गौतम, विष्णु प्रसाद बस्याल, हेम बहादुर खड्का र राजेन्द्र कँडेलको रु.18000/- को दरले रहेको बेरुजु दाखिला भएकोले संपरीक्षण	180000
14		24.3	बैठक भत्ता खर्च असुल गर्नुपर्ने	सोमनाथ यादवको रु.4900 र ओमप्रकाश चौधरीको रु.1200 गरी कुल ६१००/- दाखिला भएकोले	6100
15		26	प्रमाण कागजात पेश गर्नुपर्ने र दाखिला भौचर पेश गर्नुपर्ने	ममता महिला विकास तथा सहकारीको विल भरपाई पेश भएको तथा ओमनाथ यादवको रु.762 ओमप्रकाश चौधरीको रु.400 र मोलाही थारुको रु.320 दाखिला भएकोले संपरीक्षण	36482
16	2076/77	8	कर्मचारी प्रोत्साहन भत्ता खर्च नियमित गर्नुपर्ने	स्थानीय सरकार संचालन ऐन र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बमोजिम सार्वजनिक लेखा समिति कार्यसंचालन कार्यविधि,2077 (2077 माघ १५ मा राजपत्रमा प्रकाशित) बमोजिम गठित लेखा समिति समक्ष पालिकाबाट मिति 2078/07/02 मा निम्नानुसार बेरुजु छलफल र फर्स्यौटको लागि पेश भएकोमा लेखा समितिले दफावार छलफल गरी प्रमाण कागजात संकलन गरी आवश्यक कानुन र कार्यविधि निर्माण गरी मिति 2078/08/23 मा सभामा पेश गरेकोमा सभाले मिति २०७८/08/23 मा निम्नानुसार बेरुजु फर्स्यौट गरेकोले संपरीक्षण	1371385
17		23	पूँजीगतबाट सोलार खरिद शिर्षकमा विनियोजन भएको बजेटवाट सिंगापुर देखि पेडरानी कूलोमा सिंचाई फाटक निर्माण गरेको		100000
18		27	प्रस्तावदातासँग पत्रद्धारा प्रस्ताव माग गरी		992950

							परामर्श सेवा लिएकोमा लागत अनुमान तयार नगरेको,				
				19		28	अमानतबाट कार्य गराएको अनियमित भएको		687598		
				20		35	कार्यक्रमको उद्वेश्य पुरा नहुने गरी सामग्री खरिद गरी खर्च लेखेको उचित नदेखिएको		499055		
				21		36	स्वीकृत बजेट र कार्यक्रम विपरीत खर्च लेखेको नियमसम्मत नदेखिएको रु.		135028		
				22		37	महंगा मूल्यमा सामान खरीद गर्ने र प्रयोजन वेगर खर्च लेख्न मिल्ने नदेखिएको रु.		195407		
				23		38	विभिन्न मितिमा एकै फर्म लोयल कम्प्युटर सप्लायर्स सँग पटक पटक गरी खरिद गरेको		637498		
				24		45	जिन्सी मालसामान नियमानुसार दाखिला गर्नुपर्ने		296622		
				25		46.1	सार्वजनिक भवन उपभोक्ता समिति मार्फत गरेको नियमसम्मत नदेखिएको रु.		3774000		
				26		46.3	विनियोजन बजेटलाई कहिले टुक्रा पार्ने र कहिले अन्य योजनाको रकम ल्याई पटक पटक सम्झौता गर्ने र सम्झौता अनुसार पुरा काम नगरेको र यसरी काम नगरेको अवस्थामा भुक्तानी दिएको नियमसम्मत नदेखिएको		1574400		
				27		46.4	लागत अनुमान टुक्रा पारेको		1496082		
				28		47	कार्यक्षेत्र बाहिर गई क्याम्सलाई अनुदान दिएको नियमसम्मत नदेखिएको		1300000		
				29		48	विनियोजित बजेट बचत भएको भनी		650000		

			कार्यालयको निर्णय वेगर तथा उपभोक्ता समिति मार्फत कार्य गराएको तथा स्वीकृत रकम भन्दा बढी खर्च लेखेको नियम सम्मत देखिएन		
30		50	खर्चको लेखाङ्कन तोकिएको खर्च संकेत बाट गरेको नगरेकाले नियमसम्मत नदेखिएको		309002
31		51.2	टुक्रा पारी फरक दरमा मौज्दात रहने गरी खरिद गरेको कार्य नियमसम्मत नदेखिएको रु.		1206433
32		52	न्यानो झोला उत्पादनसंग असम्बन्धित आपूर्तीकर्तासंग टुक्रे खरिद गरेको नियमसम्मत नदेखिएको रु		368217
33	2074/75	15.1	सामाजिक सुरक्षा नामनामेसी सहितको वितरण भरपाई पेश नभएको	लाभग्राहीहरुको नामनामेसी सहितको वितरण भरपाई र बैंक स्टेटमेण्ट पेश भएको तथा नियमित भई आएको	9095200
जम्मा					24987962

२७			अद्यावधिक वेरुजु स्थिती यस पालिकाको 2077।78 सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।	

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)
64041000	24987962	21132135	0.0	60185173